बैठक संख्याः ०२।२०८३

बैठक मितिः २०८३।०४।१२, समय दिनको ३:०० बजे

स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८३।०४।१२ गते मंगलबार दिनको ३:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उपप्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री शिवशंकर राजधामी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री केशब गौतम | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिकासदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिकासदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिकासदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिकासदस्य | |
| २० | श्री तेज नारायण यादब | प्रमुखप्र शासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा अधिकृत | |
| २ | श्री सरोज कोइराला | सुचना प्रबिधिक अधिकृत | |
| ३ | श्री मुना पोखेल | सहायक पाँचौ | |
| ४. | श्री राम भरोसी रौनियार | वडा सदस्य (१) | |

बैठक संख्या: २।२०८३-२०८४
बैठक मिति:२०८३।०४।१२ दिनको ३:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

प्रस्तावहरु.

१. प्रस्ताव नं. १: दर विश्लेषण (Rate Analysis) स्वीकृत सम्बन्धमा।

२. प्रस्ताव नं. २: विविध ।

निर्णयहरु

निर्णय नं.१

आ.व. २०८३/०८४ का भौतिक पूर्वाधार निर्माण कार्यहरूको लागि भौतिक पूर्वाधार शाखाबाट पेश भएको दर विश्लेषण (Rate Analysis) स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं.२(क)

हालै सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिकामा दुई समुदायबीच उत्पन्न विवादका क्रममा गोली लागी १ जनाको दुःखद निधन भएको तथा करिब एक दर्जन व्यक्तिहरू घाइते भएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै, उक्त घटनापछि देशका विभिन्न स्थानमा विरोध प्रदर्शन भइरहेको र सुनसरी जिल्लासहित यस नगरपालिकाको क्षेत्रभित्र समेत कर्फ्यु आदेश जारी भएको संवेदनशील परिस्थितिलाई मध्यनजर गरी मिति २०८३ साल साउन १३ गते बुधबारका दिन अत्यावश्यक सेवाबाहेक यस नगरपालिका, नगरपालिका मातहतका सम्पूर्ण कार्यालय तथा शैक्षिक संस्थाहरूमा १ (एक) दिन शोक बिदा दिने निर्णय गरियो। साथै, घटनामा दिवंगतप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने तथा यस संवेदनशील अवस्थामा नगरपालिकाभित्रका सम्पूर्ण समुदाय, राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी, सञ्चारकर्मी, नागरिक समाज तथा सम्पूर्ण नागरिकहरूलाई संयमित भई कुनै पनि प्रकारका उत्तेजना, अफवाह, हिंसात्मक गतिविधि, प्रदर्शन वा झडपमा संलग्न नहुन तथा आपसी एकता, सद्भाव, सहिष्णुता र सामाजिक शान्ति कायम राख्न हार्दिक अपिल गर्ने निर्णय गरियो।

निर्णय नं.२(ख)

बुधवारे शनिवारे हाट तथा गुद्रि ठेक्का सम्बन्धी आन्तरिक आय ठेक्काका लागि मिति २०८३/०३/११ गते ठेक्का नं. RMD/B0LPATRA/01R/083/84 न्यूनत्तम बार्षिक ठेक्का अंक रु २५ लाख ५ हजार ५० कायम गरी २१ दिनको म्याद दिइ ठेक्का आव्हानको सूचना प्रकाशन गरेकोमा कुनै पनि ठेक्का प्रस्ताव पेश नभएको तथा यस अघि ठेक्का लिने ठेकेदारले रामधुनी नगरपालिका वडा नं. १ स्थित मासुपसलहरुबाट वहाल विटौरी कर संकलन नभएको र सो पसलहरु विद्यालयको जग्गामा रहेकोले ति पसलहरुवाट भाडा उठाउने अख्तियारी नगरपालिकाले विद्यालयलाई दिएकोले घाटा लागेको हुँदा

बैठक संख्या: २।२०८३-२०८४
बैठक मिति:२०८३।०४।१२ दिनको ३:00 बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

बुझाउनु पर्ने रकममा रु छुट दिन अनुरोध गरी नगरपालिका समक्ष निवेदन पेश गरेकोमा २० औ नगर सभावाट समेत निज ठेकेदारको निवेदन बमोजिम निवेदकलाई १०००००।-(एकलाख) छुट दिएको समेतका आधारमा तथा यस नगरपालिकाको २० औ नगर सभावाट पारित आर्थिक ऐन २०८३ को दफा २० (क) मा आन्तरिक आय ठेक्काको सूचना प्रकाशन गर्दा कुनै पनि ठेक्का प्रस्ताव पेश नभएमा राजस्व परामर्श समितिले न्यूनत्तम ठेक्का अंकको १० प्रतिशत सम्म कम गरी पुन ठेक्का आव्हानको सूचना प्रकासन गर्ने व्यवस्था भए बमोजिम २५ लाख ५ हजार ५० को १० प्रतिशतले हुन आउने रकम रु २५०५०५ रुपैया कम गरी न्युनत्तम बार्षिक ठेक्का अंक रु २२५४५४५ कायम गरी पुन ठेक्काको सुचना आव्हान गर्न नगरकार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(ग)**

सिसुवा पोखरी रामधुनी ६ सम्बन्धी आन्तरिक आय ठेक्काका लागि मिति २०८३/०३/११ गते ठेक्का नं. RMD/SQ/05R/083/84 न्यूनत्तम पाँच बर्षको ठेक्का अंक रु २ लाख ५० हजार कायम गरी ०७ दिनको म्याद दिइ ठेक्का आव्हानको सूचना प्रकाशन गरेकोमा कुनै पनि ठेक्का प्रस्ताव पेश नभएको तथा यस नगरपालिकाको २० औ नगर सभावाट पारित आर्थिक ऐन २०८३ को दफा २० (क) मा आन्तरिक आय ठेक्काको सूचना प्रकाशन गर्दा कुनै पनि ठेक्का प्रस्ताव पेश नभएमा राजस्व परामर्श समितिले न्यूनत्तम ठेक्का अंकको १० प्रतिशत सम्म कम गरी पुन ठेक्का आव्हानको सूचना प्रकासन गर्ने व्यवस्था भए बमोजिम २ लाख ५० को १० प्रतिशतले हुन आउने रकम रु २५००० रुपैया कम गरी न्युनत्तम बार्षिक ठेक्का अंक रु २२५००० कायम गरी पुन ठेक्काको सुचना आव्हान गर्न नगरकार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

रामधुनी नगरपालिकाबाट योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा विगतका आर्थिक वर्षहरूमा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको २० प्रतिशत लागत सहभागितासहित योजना सम्झौता गरी कार्यान्वयन गर्ने गरिएकोमा, चालु आ.व. २०८३/०८४ देखि सम्बन्धित वडाको सिफारिस तथा माग निवेदनका आधारमा योजना कार्यान्वयनका लागि स्थायी लेखा नम्बर (**PAN**) प्राप्त टोल विकास संस्थाहरूले योजना सम्झौताका लागि निवेदन पेश गरेमा त्यस्ता टोल विकास संस्थासँग २० प्रतिशत लागत सहभागितासहित योजना सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो।